# 'रेमिटेन्स उत्पादनशील क्षेत्रमा लगाऊ'

**नागरिक संवाददाता**

*काठमाडौं, साउन १*



गभर्नर युवराज खतिवडाले वैदेशिक रोजगारीमा अदक्ष कामदार पठाएसम्म रेमिटेन्स रकम उत्पादनशील क्षेत्रमा लगाउन नसक्ने बताएका छन्।

'वैदेशिक रोजगारीमा जाने अधिकांश नेपाली गरिब र अदक्ष छन्,' साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भायोरोमेन्ट र ओभरसिज डेभलपमेन्ट इन्स्टिच्युटको आयोजनामा सोमबार भएको छलफल कार्यक्रममा उनले भने, 'विदेश जाने नेपालीले पठाएको रकम अत्यावश्यक काममा प्रयोगमा सिधिन्छ। त्यसैले रेमिटेन्सको रकम उत्पादनशील क्षेत्रमा लगाउन कठिन छ।' उनले विकास नीति र सामाजिक नीतिलाई सँगसँगै लैजान आवश्यक रहेको बताए।

गभर्नर खतिवडाले अल्पविकसित मुलुक नेपालका जोखिम धेरै रहेको बताए। 'खाद्यान्न अभाव, जातीय दंगा, जलवायु परिवर्तनलगायत असंख्य जोखिम नेपालमा छ,' उनले भने, 'यस्तो जोखिमका बाबजुद नेपालले शिक्षा र स्वास्थ्यमा राम्रै प्रगति गरेको छ।'

उनले सहस्राब्दी विकास लक्ष्यलाई आत्मसात गरेर नेपालले आफ्ना योजनाहरू ल्याएको बताउँदै यसमा पनि धेरै कमजोरीहरू देखिएको बताए।

'यो लक्ष्यलाई आधार बनाएर रकम दिने दाता र लिने मुलुक दुवैको कमजोरी छन्,' गभर्नर खतिवडाले भने, 'आगामी दिनमा कुनै नीति बनाउँदा मानवीय जोखिम, वित्तीय संकट र जलवायु परिवर्तनजस्ता मुद्दालाई समेटेर लैजान आवश्यक छ।' सहस्राब्दी विकास लक्ष्यको समय पूरा हुन अब तीन वर्षमात्रै बाँकी छ।

सावतीका कार्यकारी अध्यक्ष पोषराज पाण्डेले सहस्राब्दी विकास लक्ष्यअनुसार गरिबी घटिरहेको बताए। 'गरिबी घटिरहेको छ। मातृमृत्युदर पनि घटेको छ,' उनले भने, 'तर अझै पनि चुनौती धेरै छन्।' युरोपेली युनियनका विकास नीतिका वरिष्ठ सल्लाहकार जेम्स म्याकीले सहस्राब्दी विकास लक्ष्यले केही मुद्दालाई समेट्न नसकेको बताए।

नेपालको विकासबारे युरोपेली प्रतिवेदन प्रस्तुत गर्दै सावतीका प्रमुख कार्यकारी निर्देशक रत्नाकर अधिकारीले सहस्राब्दी विकास लक्ष्यपछि विकास सहयोग रोजगारी सिर्जनामा केन्द्रित गर्नुपर्ने सुझाव दिए। 'दाताहरूको सहयोग रोजगारी सिर्जनामा केन्द्रित गर्नुपर्छ,' उनले भने, 'विदेशबाट फर्किएका कामदारको सीपलाई प्रयोग गर्नेतर्फ लगाउनुपर्छ।' उनले रेमिटेन्सको रकम उत्पादनशील क्षेत्रमा लगाउनुपर्ने बताउँदै यसका लागि स्पस्ट संयन्त्रको विकास गर्नुपर्ने बताए।